आज मिति २०७७ साल फागुन ०३ गते सल्यान जिल्लाका प्रमुख जिल्ला अधिकारीज्यूको संयोजकत्वमा नेपाल सरकार गृह मन्त्रालय निजामती कर्मचारी प्रशासन शाखा च.नं. ०३ मिति २०७७।०४।०१ गते श्रीमान् गृह सचिवज्यू र सबै जिल्लाका प्रमुख जिल्ला अधिकारीज्यूहरुको बीचमा भएको कार्य सम्पादन सम्झौतामा उल्लेख भए बमोजिम जिल्ला भित्रका सबै स्थानीय तहका प्रमुख र प्रशासकीय अधिकृतहरु सँग समन्वय बैठक सञ्चालन गर्ने उल्लेख भए बमोजिम बैठक बसि तपसिल बमोजिमको निर्णय गरियो ।

<u>उपस्थिति</u>

श्री हेमराज लामाड. प्र. जि. अ. जि. प्रशा.का. संयोजक

श्री शंकरराज पाठक - प्र.प्र.अ. - शारदा न.पा

श्री मोहन खड्का प्र.प्र.अ. कपुरकोट गा.पा.

श्री अमृत खड्का नि.प्र.प्र.अ. दार्मा गा.पा.

श्री धर्मराज केसी अधिकृत (छैठौं) बनगाड कुपिण्डे न.पा.

श्री प्रेमप्रकाश दाहाल नि.प्र.प्र.अ. छत्रेश्वरी गा.पा.

श्री जगत बहादुर घर्ती प्र.प्र.अ. कुमाख गा.पा. सल्यान

श्री मार्शल कु. प्रौती प्र.प्र.अ. ~~सिद्ध~~ कुमाख गा.पा.

श्री वसुन्धरा पुन प्र.प्र.अ. त्रिवेणी गा.पा. सल्यान

रामबहादुर ऐडाल " बागचौर न.पा. "

## निर्णय नं. १. कार्यसम्पादन अवस्थाको समीक्षा सम्बन्धमा

यस सम्बन्धमा देहायबमोजिम अवस्था रहेको पाइयोः–

क. कार्यसम्पादनको अवस्था सामान्य रहेको पाइयो ।

ख. त्रिवेणी गाउँपालिकामा आयोजना कार्यान्वयनमा शतप्रतिशत प्रगति रहेको पाइयो ।

ग. सिद्धकुमाख गाउँपालिकामा हालको आयोजना कार्यान्वयन प्रगति ७०% रहेको पाइयो ।

घ. कुमाख गाउँपालिकाको हालको आयोजना कार्यान्वयन प्रगति ९०% रहेको पाइयो ।

ङ. छत्रेश्वरी गाउँपालिकामा हालको आयोजना कार्यान्वयन प्रगति ९५% रहेको पाइयो ।

च. वनगाड कुभिण्डे नगरपालिकामा हालको आयोजना कार्यान्वयन प्रगति ५०% रहेको पाइयो ।

छ. वागचौर नगरपालिकामा हालको आयोजना कार्यान्वयन प्रगति ७५% रहेको पाइयो ।

ज. दार्मा गाउँपालिकामा हालको आयोजना कार्यान्वयन प्रगति ७५% रहेको पाइयो ।

झ. शारदा नगरपालिकामा हालको आयोजना कार्यान्वन प्रगति सामान्य रहेको पाइयो ।

ञ. कपुरकोट गाउँपालिकामा हालको आयोजना कार्यान्वयन प्रगति ७५% रहेको पाइयो ।

समष्टिमा, सबै पालिकाहरूको आयोजना कार्यान्वयनको अवस्था प्रतिफलमुखी रहेको पाइयो ।

## निर्णय नं. २. स्थानीय तहका मुख्य समस्याहरूको पहिचान र सम्बोधन सम्बन्धमा

यस सम्बन्धमा देहायका मुख्य समस्याहरू पहिचान गरी सम्बोधनका निर्णय गरियोः–

**मुख्य समस्याहरू**

**क. राजनीतिक समस्या**

- विकास आयोजना निर्माण तथा कार्यान्वयनमा राजनीतिक प्रभाव/दवाव ।
- स्थानीय राजनीतिक नेतृत्वमा नीतिगत तथा कानूनी चेतना कमी हुनु ।

हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी

ख. **जनशक्तिगत समस्या**

- कर्मचारी नयाँ र अनुभवको कमी,
- प्रतिस्पर्धी र पर्याप्त जनशक्तिको अभाव,
- कर्मचारीहरू बढी सुविधामुखी हुनु,
- कर्मचारी भर्ना निष्पक्ष गर्न कठिनाइ हुनु,
- प्रमुख प्रशासकीय अधिकारीमा प्राविधिक ज्ञानको कमी ।

ग. **शैक्षिक समस्या**

- शिक्षा क्षेत्र तथा विद्यालयमा राजनीतिकरण हुनु ।
- विद्यालय व्यवस्थापन समितिमा राजनीतिक प्रभाव उच्च हुनु ।
- शिक्षा क्षेत्रमा शिक्षक दरवन्दी निर्धारणमा अवैज्ञानिकता ।
- शिक्षक नै पर्याप्त नहुनु । दरवन्दी कहीँ बढी कहीँ कमी । शिक्षकलाई तलव खुवाउनै कठिन हुनु ।

घ. **गैरसरकारी संस्थासम्बन्धी समस्या**

- समाज सेवा भन्दा पनि व्यक्तिगत स्वार्थबाट प्रेरित हुनु ।
- गैससबाट आर्थिक अनियमिता र भ्रष्टाचार हुनु ।

ङ. **विकास तथा निर्माणसम्बन्धी समस्या**

- विकासका आयोजनाहरू ससाना हिस्सामा टुक्राइनु । प्रतिफलमुखी नहुनु । बजेट छरिनु।
- हेभी इक्वीपमेण्टबाट गर्नु पर्ने काम उपभोक्ता समितिबाट नहुनुपर्नेमा हुने गरेको । यसमा कार्यपालिकाबाट नै निर्णय हुने गरेको ।

च. **खरिद तथा बेरूजुसम्बन्धी समस्या**

- बेरूजु फछ्र्यौटसम्बन्धमा उल्लेख्य प्रगति नहुनु ।
- खरिद सम्बन्धी नियम र प्रक्रियाको पालना नहुनु ।



हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी

- कर्मचारीहरूमा खरिदसम्बन्धी कानून र प्रक्रियाको ज्ञानको कमी तथा लापरवाहीपना ।

छ. **स्रोतसाधनगत समस्या**

- स्रोत साधनको मितव्ययी उपयोग नहुनु ।
- न्यायोचित वितरणको कमी हुनु ।

ज. **समन्वयगत समस्या**

- संघ र प्रदेशबाट सञ्चालित कतिपय कार्यक्रमको बारेमा स्थानीय तहसँग समन्वय नभएको ।

झ. **सुरक्षासम्बन्धी समस्या**

- स्थानीय तहका कर्मचारी तथा प्रमुख प्रशासकीय अधिकारीमा सुरक्षासम्बन्धी समस्या रहेको ।

ञ. **भौतिक समस्यासम्बन्धी समस्या**

- कार्यालय भवन र लेआउटमा समस्या रहेको ।

**समस्याको सम्बोधन**

**मुख्य समस्याहरू**

क. **राजनीतिक समस्याको सम्बोधन**

- विकास आयोजना निर्माण तथा कार्यान्वयनमा राजनीतिक प्रभाव/दवाव हुन नदिन प्रमुख प्रशासकीय अधिकारीले तटस्थ विज्ञ परामर्शसहित सुझाव प्रदान गर्ने ।
- उच्च नैतिकवान रूपमा प्रस्तुत भई विधिको शासनको मान्यता अनुरूप कार्य गर्ने ।

हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी

- स्थानीय तहको प्रमुख र अध्यक्षज्यूहरूलाई संघीय सरकारबाट नै कानूनी/नीतिगत सचेतना कार्यक्रम व्यवस्था गर्नुपर्ने । सोको लागि उचित समन्वय गर्ने ।
- आवश्यकता अनुसार समस्या जटिल बनेमा प्रमुख जिल्ला अधिकारी लागतय सरोकारित निकायसँग समन्वय गरी कार्य गर्ने ।

**ख. जनशक्तिगत समस्याको सम्बोधन**

- कर्मचारी नयाँ र अनुभवको कमी भएको हुँदा प्रमुख प्रशासकीय अधिकारी वा विज्ञ व्यक्ति झिकाई अनिवार्य तालीम कार्यक्रम सञ्चालन गर्ने ।
- पर्याप्त जनशक्तिको व्यवस्था गर्न पदपूर्ति गर्ने निकायसँग समन्वय गर्ने र योजनाबद्ध तयारीमार्फत प्रतिस्पर्धी जनशक्तिको प्राप्ति, विकास र महत्तम् उपयोग सुनिश्चित गर्ने ।
- कर्मचारीहरू बढी सुविधामुखी भएको सन्दर्भमा प्रमुख प्रशासकीय अधिकारीले सुविधाको न्यायोचित वितरण र उपयोग निश्चित गर्ने ।
- कर्मचारी भर्ना निष्पक्ष गर्न कठिनाइ भएको हुँदा अव उपरान्त हरेक परीक्षामा जिल्ला प्रशासन कार्यालयको प्रनिनिधि तोकी परीक्षा सञ्चालन गर्ने व्यवस्था मिलाउने ।
- प्रमुख प्रशासकीय अधिकारीमा प्राविधिक ज्ञानको कमी भएको सन्दर्भ आवश्यक तालीमको व्यवस्था गर्ने ।

**ग. शैक्षिक समस्याको सम्बोधन**

- शिक्षा क्षेत्र तथा विद्यालयलाई शिक्षाको पवित्र मन्दिर बनाउन प्रमुख प्रशासकीय अधिकारीले पहल गर्ने/प्रयत्न जारी राख्ने ।
- विद्यालय व्यवस्थापन समितिको गठन र सञ्चालनलाई नियम र कानूनबमोजिम गर्ने ।
- शिक्षा क्षेत्रमा शिक्षक दरवन्दी निर्धारणमा वैज्ञानिक बनाउन आवश्यक व्यवस्था गर्ने ।
- अन्य समस्यालाई समाधान गर्न सम्बन्धित निकायहरूमा आवश्यक पहल गर्ने ।

हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी

घ. गैरसरकारी संस्थासम्बन्धी समस्याको सम्बोधन

- समाज सेवा भन्दा पनि ब्यक्तिगत स्वार्थबाट प्रेरित हुनु तथा गैससबाट आर्थिक अनियमिता र भ्रष्टाचार हुनु जस्ता समस्या देखिएको हुँदा सो सम्बन्धमा स्थानीय तहले चनाखो रही कानूनबमोजिम हुने गरी कामकारवाही गर्ने । गर्न लगाउने ।
- संविधानको धारा ५१ को खण्ड (ञ) को उपखण्ड (१४) बमोजिम गैरसररकारी संस्थाहरूको कामकारवाही सञ्चालन हुने प्रणालीको विकास गर्ने ।
- यसका लागि जिल्ला प्रशासन कार्यालय, सल्यान र सम्बन्धित निकायहरुबीच छलफल समन्वय गर्ने ।

ङ. विकास तथा निर्माणसम्बन्धी समस्याको सम्बोधन

- विकास निर्माणका सम्बन्धमा ठेक्का तथा आयोजनाको व्यवस्थापनमा विशेष ध्यान दिने ।
- गुणस्तर, समय, परिमाण र लागतको प्रभावकारिता सुनिश्चित गर्ने ।
- विकास निर्माणमा देखिएका समस्याहरूलाई उचित समन्वय गर्ने ।

च. खरिदसम्बन्धी समस्याको सम्बोधन

- खरिद सम्बन्धी नियम र प्रक्रियाको पूर्ण पालना सुनिश्चित गर्ने ।
- भ्रष्टाचार र अनियमितता रोक्न खरिद विधि र प्रक्रियाको अक्षरशः पालन गर्ने ।
- कर्मचारीहरूमा खरिदसम्बन्धी कानून र प्रक्रियाको ज्ञानको कमी तथा लापरवाहीपना देखिएको हुँदा तालीमको व्यवस्था गर्ने र सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाउने ।

छ. स्रोतसाधनगत समस्याको सम्बोधन

- स्रोत साधनको मितव्ययी उपयोग गर्न सार्वजनिक खर्चमा मितव्ययितासम्बन्धी निर्देशिका, २०७७ को प्रावधानलाई पूर्ण कार्यान्वयन गर्ने ।
- स्रोतसाधनको महत्तम् उपयोग एवम् न्यायोचित वितरण सुनिश्चित गर्ने ।
- प्रमुख प्रशासकीय अधिकारीले जिम्मेवार भई यससम्बन्धमा कानूनी व्यवस्था र प्रचलनका अतिरिक्त रचनात्मक कार्य गर्ने ।



हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सल्यान

ज. **समन्वयगत समस्या**

- संघ र प्रदेशबाट सञ्चालित कतिपय कार्यक्रमको बारेमा स्थानीय तहसँग समन्वय नभएको पाइएको हुँदा उच्चतम् समन्वयको सिद्धान्तलाई आत्मसात् गरी कार्य गर्ने ।
- सम्बन्धित निकायलाई समन्वय नभएको विषयमा समन्वय गरिदिन बैठक वा पत्राचारमार्फत अनुरोध गर्ने ।

झ. **सुरक्षासम्बन्धी समस्याको सम्बोधन**

- स्थानीय तहका कर्मचारी तथा प्रमुख प्रशासकीय अधिकारीमा सुरक्षासम्बन्धी समस्या रहेको सन्दर्भमा जिल्ला प्रशासन कार्यालय र प्रहरी युनिटमा सुरक्षा चुनौती रहेको भए तुरुन्त जानकारी गराउने र सो को लागि आवश्यक सुरक्षा प्रबन्ध मिलाउने ।

ञ. **भौतिक समस्याको सम्बोधन**

- भवन निर्माण भइनसकेको तथा निर्माणाधीन रहेको हुँदा सेवा प्रवाह प्रभावित बन्न पुगेकोले यथाशिघ्र निर्माण कार्यलाई सम्पन्न गर्ने । उच्च प्राथमिकतामा राख्ने ।
- भवन निर्माण गर्दा अपाङ्गतामैत्री र सेवा प्रवाह अनुकूलित तुल्याउने ।
- अफिसको लेआउट अत्यन्त आकर्षक र सेवा प्रवाहको दृष्टिले अत्युत्तम हुने गरी डिजाइन गर्ने ।
- मिटिङ हल र सेवाग्राही प्रतिक्षालयको उचित व्यवस्था गर्ने ।
- पार्किङको लागि आवश्यक व्यवस्था मिलाउने ।

## निर्णय नं. ३. समन्वय सम्बन्धमा

यस सम्बन्धमा देहायबमोजिम निर्णय गरियोः–

क. समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तलाई अक्षरशः आत्मसात् गर्दै कार्यसम्पादन गर्ने ।

प्रमुख जिल्ला अधिकारी

ख. स्रोत साधनको अत्युत्तम् परिचालनका लागि आवश्यकतानुसार वित्तीय, स्रोतसाधन, जनशक्तिगत जस्ता पक्षहरूमा लम्बीय र क्षितीय (Vertical & Horizontal) दुवै आयामबाट उच्चतम् समन्वय हुने गरी कार्य गर्ने ।

ग. समन्वयमा केही कठिनाइ सिर्जना भए जिल्ला समन्वय समिति तथा जिल्ला प्रशासन कार्यालयमा सूचना गर्ने र सहजीकरणको लागि अनुरोध गर्ने ।

## निर्णय नं. ४ क्रियाकलाप सञ्चालन गरी प्रतिवेदन गर्ने सम्बन्धमा

यस सम्बन्धमा देहायबमोजिम निर्णय गरियोः–

क. सबै स्थानीय तहले व्यक्तिगत घटना दर्ताको अनुपात बढाउने र अनलाइन घटना दर्ता कार्य सम्पन्न गरी सो को प्रतिवेदन जिल्ला प्रशासन कार्यालयमा पेश गर्ने ।

ख. सबै स्थानीय तहले बैङ्‌किङ्‌ग प्रणालीबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्थाको लागि वित्तीय संस्थासँग समन्वय तथा सहजीकरण गरी बैङ्‌किङ्‌ग प्रणालीबाट सामाजिक सुरक्षा भत्ता वितरणको व्यवस्था मिलाउने र सो को प्रतिवेदन जिल्ला प्रशासन कार्यालयमा गर्ने ।

## निर्णय नं. ५. अनुशासन तथा आचरण सम्बन्धमा

यस सम्बन्धमा देहायबमोजिम निर्णय गरियोः–

क. अनुशासन, सदाचारिता र भ्रष्टाचारप्रतिको शुन्य सहनशीलताको नीति अंगीकार गर्ने ।

ख. अनुशासन र आचरणलाई परिपालना नभएको र सुध्रिने अवसर दिंदा समेत बेवास्ता गर्ने कर्मचारीलाई आआफ्नो सेवा/समूह/संस्था सम्बद्ध कानूनबमोजिम विभागीय सजाय गर्ने ।

ग. अनुशासन र आचरणका लागि नेतृत्व स्वयम् नमूना, उदाहरणीय एवम् अनुकरणीय भूमिका प्रस्तुत भई कार्य गर्ने तथा सो को लागि कार्य वातावरण निर्माण गर्ने ।

घ. स्थानीय सरकारको प्रमुख प्रशासकीय अधिकारीको हैसियतमा प्रमुख प्रशासकीय अधिकृतले अनुशासन र आचरणको कडाइका साथ लागू गर्ने ।

हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी